# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/ १० /१३
पांचौ अधिवेशन
(तेस्रो बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

माननीय सदस्यहरू, **पिठासिन माननीय अर्जुन वहादूर थापा**

यस सभाको पांचौ अधिवेशनको तेस्रो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री प्रकाश बहादुर शाहका तर्फबाट भौतिक पूर्वाधार बिकास मन्त्री माननीय पठान सिंह वोहरालाई रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री प्रकास दहादूर शाहः-**

माननीय सभामुख महोदय रेडियो एफ.एम.रटेलिभिजन प्रशारण सम्बन्धमा.व्यवस्थागर्न बनेको विधेयक २०७३ माथि प्रदेशसभा नियमावली २०७४ कोनियम १०७ बमोजिम सभामा समान्य छलफल गरियोसभनी यो प्रस्ताव पेशगर्दछु धन्यवाद

**माननीय सदस्यहरू,**

अब, म रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय अक्कल वहादुर रावल लाई समय दिन्छु ।

**माननीय अक्कल वहादुर रावलः-**

माननीय सभामुख ज्यू रेडियो एफ. एम. टेलिभिजन प्रसारण सम्वन्धमा व्यवस्था गर्नबनेको विधेयक २०७६ माथि हामी सैद्धान्तिक छलफलमाछौं सम्भवत हामी संघीय शासन प्रणालीमा गैइसकेपछि हामी यो विधेयक पारित भइसकेपछि प्रदेश सभाले रेडियो एफ.एम.र प्रदेशसरकाले रेडियो एफ.एम.र.टेलिभिजन प्रसारण गर्नपाउने व्यवस्था हाम्रो प्रदेशमा पनि हुनेछ। यो अर्थमा पनि यो अति आवस्क छ भन्ने मलाइ लाग्छ। किनकि रेडियो आज जनताको साथी बनेकोछ। पिडित हरूको अव जसले वुलन्द गर्नेगरेकोछ। सुशासनका क्षेत्रमा यसले सुशासनको प्रत्याभूति गर्ने गरिकन कामहरु गर्नेगरेकोछ। र साथ साथै मनोरञ्जनका कामहरुमा पनि यसले महत्वपूर्ण टेवा पुगाइ रहेको छ। त्यसैले आजहामी झन्डै 2007 सालमा रेडियोनेपाल को स्थापनाहुँदा धेरै मान्छेहरूको पहुँचमा रेडियो थिएन रेडियो हुनेभनेको अत्यन्तै सिमित मान्छेहरु संग मात्र रेडियो हुन्थ्यो । आज आउँदाखेरि रेडियो एफ.एम.टेलिभिजनहरु हाम्रो घर घरमा छन । हाम्रो मोबाइल मोबाइल बोक्छन। मोबाइल हेर्नसक्छौं। त्यसैले सञ्चारजगत अत्यन्तै हाम्रोनजिक्को एकदम साथीको रुपमा हामीसँग आजभोली खल्तीमा मोबाइल छैनभने कताकता हामी सूचना संसारबाट टाढाभएको महसुस गर्नथालेकाछौ । त्सैले गर्दा विहानैउठ्दा रेडियोबाट बज्ने समाचार हामिले सुनिराखेनौ भने आज के छुट्यो भन्नेखालको स्थितिछ। साथ साथै समाचार सुन्ने मान्छे हरुले समचार सुन्छन्। गितसुन्ने मान्छेले संगीत सुन्छन र टेलिभिजनमा विभिन्न बहसका कार्यहरु छन। अहिले विभिन्न प्रतिभा हरुका प्रतिस्पर्धाका कार्यक्रमहरुछन। तिसवै हामिले रेडयो एफ.एम. टेलिभिजन मार्फत हामीले देखे र त्यस्धाट हामिले धेरै ज्ञानप्राप्त गर्ने हामीले गरेकाछौं । त्सैले यो प्रदेशमा हामीले यो विधेयकको जुन विधेयक लाइ हामी ऐनको रुपमा निर्माणगर्दैछौ । यसको धेरैठूलो महत्वछ । र साथ साथै विभिन्न परिवर्तनका आन्दोलन हरूमा पनि सञ्चार जगतको ठूलो भुमिका भएकोछ। राणा शासनको अन्त्यकोबेला पनि सर्वप्रथ मरेडियोको स्थापना भएको देखिन्छ। आन्दोलनको बीचबाट विराटनगर बाट रेडियोको स्थापना भएको देखिन्छ। र त्यस पछिका विभिन्न आन्दोलन हरुमा पनि हामीले देखिसक्यौ 10 वर्षे जनयुद्धमा पनि हामीले रेडियोस्थापना गरि दुर दराजका बस्तीहरुमा समाचार सम्प्रेषणगर्ने कामहरु भए। त्यसैले गर्दा आज सवैको माथि को साथि वनेको छ। यसअर्थ यसलाइ व्यवस्थापन गर्नु पर्ने कुरा र साम्राज्य वादि हरुको रेडियो टेलिभिजन हरुमा जो हस्थक्षेपछ । उनीहरुको विज्ञापनदेखि हरेक कुराहरु जो अंकुस लगाउने गरिराखेका छन । यि कुरा हरुलाइ वस्थापन गरेर हाम्रो प्रदेशका सार्थक वनाउनु पर्ने जुन खाचोछ ।यस्कालागि पनि व्यापक छलफल गरेर दफावार छलफल गरेर बुदा बुँदामा छलफल गरेर हामीले ऐतिहासिक कामको थालनि गर्नुपर्नेछ। तसअर्थ यसका निम्ति विसयगत

समितिमा व्यापक छलफल गरेर यसलाई पारित गर्नका निम्ति मार्ग प्रशस्त गरियोस भन्ने कामना सहित म बिदाहुन्छु हस्त धन्यवाद नमस्कार

**माननीयः- भरत वहादुर खड्का**

सभामुख महोदय रेडियो एफ.एम.र टेलिभिजन प्रशारण सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयकमाथी हामी छलफल गरिराखेका छौं। यो विधेक आफैमा महत्वपूर्ण विधेयकको रुपमा हामीले लिएकाछौं। यो महत्त्वपूर्ण पनिछ । हामीलाई कुनैपनि विधेयक बनाउँदा कानून बनाउँदा यसलाइ नियन्त्रण होइन। व्यवस्थापन र नियमन गर्नकालागि वनाइन्छ । र केन्द्रमा २०७३ सालमा आम सञ्चार निति कानून बनेकोछ। रसुदूरपश्चिमको सन्दर्भमापनि हामीले आम सञ्चारनिती वनाएर मात्रै यो विधेयक लाई प्रवेश गराउनुपर्थ्यो। भन्ने मेरो आग्रह हो। किनभने हाम्रो सुदूर पश्चिमका सातओटा जिल्ला पाहाड र दुइ वटा तराइका छन । हाम्रो याहाको परिवेश फरकछ ।त्सैले समष्टिगत रुपमा सुदूरपश्चिमको आमसञ्चारको नितिमा हामी सरोकारवाला सँग विज्ञसँग वसेर सुदूरपश्चिमको आम सञ्चारकोनिति तय गरिसकेपछि विधेयकलाई पछि प्रवेशगर्दा अझयो परिस्कृतरुपमा आउँथ्यो हामीले कतै चुकेको मलाई अनुभवभ एकोछ र अर्को कुरा केहो भन्दाखेरि याहाँ धेरै कुराहरु छन वुदा गत रुपमा भोलिपनि हामि जानेनै छौ । जहासम्म मलाई केलाग्छ भन्दाखेरी नेपालको संविधानको धारा 19 को १मा सूचनाको हकको प्रवन्ध गरिएकोछ र नेपालकै संविधानमा पूर्ण स्वतन्त्रा को व्यवस्था गरिएको छ। नेपालको सञ्चार लाई पूर्ण स्वतन्त्रताको रुपमा व्यवस्था गरिएकोछ। प्रेस स्वतन्त्रता भनेको लोकतन्त्रको मुटुहो । त्यसैले हामीले कुनैपनि विवेक र कानून निर्माण गर्दा संविधानको मूल मर्म र भावना अनुरुप ल्याउनु पर्यो ।यँहातम केदेख्दैछु। पछिपनि छलफल होला मन्त्री कार्यकारी मन्त्रीबोर्डको अध्यक्ष र अर्कोकुरा दैनिक shedul हरु कानुन मन्त्रालयमा पेशगर्नुपर्ने समाचार उत्पादनगर्ने कुराहरु रिसोसेसका कुरा हरु पुष्टि गरेर भन्नुपर्ने यस्ता कुराहरु याहाँ आएका छन्। मलाई केलाग्छ भन्दाखेरी यो सञ्चारको हकको 19 संविधानको धारा १ मा चाहे विद्युतीय प्रशारण प्रकाशन प्रसारण लेख-रचना या टेलिभिजन सामग्री को प्रकाशन तथा वितरण गर्न सूचना प्रसारणगर्दा या छाप्दा सम्पादकीय पनि छाप्दा पूर्व प्रतिबन्ध लगाइनेछैन संविधानमा यी व्यवस्थाछन् अव यसलाइ हामी कसरी मर्यादित बनाउने कसरि व्यवस्थापनगर्ने हामि कता गै सक्यौ हाम्रो दिमाक कता गैसक्योभने हामि नियन्त्रणमुखी बन्यौ । हामि कतातिर लग्दैछौ मुलुकलाई संविधान देखाउने मात्रकुराहोइन त्यो संविधानको मूलमर्म र भावना अनुसार आउनुपर्यो आज हामि सञ्चारमाध्यम मिडिया यसलाइ नियन्त्रण गर्नुपर्छ यसको व्यवस्थापन र नियमन गर्नतर्फ जाउ मिडियालाईपनि बढी country वनाउ यि सवै कुरावाट मिडिया लाइ मर्यादित वनाउ स्वतन्त्र निष्पक्ष तरिकाले अगाढि बढ्ने वातावरण पढाउनुपर्छ। लोकतन्त्रका आधारहरु हुन । यि भनेका जव मिडियालाइ नै संकोचन गर्न थाल्योभने जनताको अधिकार संकुचन हुन जान्छ र लोकतन्त्र कमजोर हुनजान्छ । अर्को कुरा यो नियम बनाउने कानुन बनाउने कुराहरु हाम्रो केछ शक्तमाछु र हामीले जेगरेपनिहुन्छ योपछि हामीलाइ केहि गर्छौकि गर्दैन भन्ने हिसाफले यो समष्टिगतरुपमा यो सबैकालागिहो सत्तापक्ष प्रतिपक्ष सबैकालागि हो कानून अहिले हामिले बुद्धि पुर्याएर वनाएको कानून पछिल्लो जेनिसनको लागिपनि सान्दर्भिक हुनसक्छ। अहिले आफ्नो स्वार्थकालागि आफ्नो अनुकुलता कालागी कानुन बनाउन थाल्यो भने मुलुक कतातिर

पुग्नसक्छ अवयो बुदागत रुपमा भोलिपनि छलफलगर्नेछौं। प्रेष लाइ कुण्ठित गर्नेकुरा हरु प्रेसलाई संकुचित गर्नेकुराहरु कुनैपनि हिसाफमा यस्ता किसिमका कानून वन्नू हुदैन । केन्द्रमा पनि धेरै ठुलो विरोध चलिराखेको छ । यो कुनै व्यक्तिगत कुनै पार्टीको होइन समग्रतामा नेपालि जनताकोहो ।संविधानको मूलमर्म र भावना अनुसारको आउनुपर्छ। यसलाइ जवाफदेहि बढी accuntability वनाएर कसरी लैजाने भन्नेकुरा हुनुपर्छ मलाई केलाग्छ भन्दाखेरी यति बुझेका आदर्णिय सांसदज्यू हुनुहुन्छ ।सभामुख महोदय हामी विधेयक पासगर्नकालागि कानून पास गर्नकालागि मात्र अएका हौ। यो विद्वत्व पूर्णछ ।यसलाइ राम्रो संग सरोकार वाला हरु राखेर विज्ञहरुराखौ र यसलाइ सुदूरपश्चिमको सन्दर्भमा नेपालको संविधानको मूलमर्म र भावना अनुसार सुदूरपश्चिम प्रदेश को हकमा हामीले कस्तोकिसिमको बनाउँदाखेरि यो राम्रो विधेयकको रुपमा राम्रो कानूनको रुपमा आउनसक्छ यसको बारेमा हामी व्यापक छलफ लगरौं धेरैकुराहरु अधुराछन। योअब दफावार छलफलमा पनि जाला अघिपनि कुरा उठ्यो विषयगत समितिमा गएर सरोकारवाला हरुलाइ वोलाएर धेरै कुराहरु लाई परिष्कृत गरेर मात्र योविधेयक आउँदा अझराम्रो हुनसक्छ भन्नेसुझाव राख्नचाहन्छु धन्यावाद ।

**माननीयः- मालती कुमारी राना**

माननीय सभामूखज्यू आजचाहिँ हामी धेरैदिनपछि लगभग साढेपाँच महिनापछि हामी रेडियो एफ.एम.टेलिभिजन प्रषारण सम्धमा व्यवस्था गर्न वनेको विधेयक माथि हामी सैद्धान्तिक छलफलमा रहेकाछौं ।सर्वप्रथमतःमेरोप्रश्नछ सैद्धान्तिक छलफल आज किन हामी अहिलेसम्म हामीले धेरै विधेयक बनायौं हामी भन्दैआएकाछौं 32 वटा विधेयक पासगरेकाछौ। मुख्यमुख्य विदधेयक वनायौं जस्तै लोकसेवा विधेयक अलपत्र अलपत्र अवस्थामाछ। अरु विधेयक पनि कार्यान्वयन को अवस्थामा छैनन् बजेटपनि त्यही अलपत्रनैछ यि सवैलाइ कार्या न्वयन गरेर हामीले अगाढी बढे मात्रै हामीले बिधेयक ल्याउनुपर्ने थियो र यो रेडियो एफ.एम.र टेलिभिजन प्रशारणा सम्वनंधमा व्यवस्था गर्न वनेको विधेयक हामी सबैलाई अवगत भइसकेकै कुराहो हामीलाई जानकारी भएकैहो यो संघिय संग संचार प्रविधि विधेयक संघीय सभाबाट पारित नहुँदै हामीलेचै ल्यौ सञ्चार सम्बन्धी विधेयक हामि पासगर्न गइरहेकाछौं यदि यो विधेयक र संघिय विधेक वाज्न गएमा के अवस्था हुन्छ प्रदेश सरकारले बनाएको विधेयक कुनै अर्थै रहँदैन। त्यो सरकारले बनाको विधेयक स्वतःखारेज हुनजान्छ। त्यसकारण संघमा हामीले देखिराछौ। त्यहाँ आगो वलिराछ। कतिको विवाद छ यो विधेयकमाथि त्यसकारण पनि पहिलासंघियको विधेयक बनिसकेपछि मात्रै हामीले विधेयक बनाउनु पर्थ्यो। संघको हामीलाई जानकारी भएको संघिय अन्तर्गत पाँचवर्ष कैद 15 लाख जरिवाना अहिलेचाहिँ गल्तीगरेमा प्रेस स्वतन्त्रता हो। प्रेशलाइ हामिले सम्मान दिनैपर्छ प्रेस सरकारको चौथोअङ्गहो भनेर सरकारले सम्मान गरेकैहो। त्यसकारण चाहिँ प्रेस स्वतन्त्रतालाई स्वतन्त्र हामीले चाहिँ सम्मान गर्नुपर्छ जब 15 लाख जरिवाना र 5 वर्ष कैद यो एकदमै गलतहो प्रदेस सरकारले मलाई लाग्छ सङ्घको प्रेसको अधिनमा रहि यो सुभना सम्बन्धी विधेयक नबन्दै हामी प्रदेशमा बनाउन गइरहेकाछौं सात मलाइ लाग्छ प्रदेश सरकारले एउटा चाहिँ आफ्नो सुविधा हुनेखालको एउटा विधेयक वनायन गईराखेको छ जस्तो मलाईला गेकोछ । योविधेयक अघिनै कुरा आयो छलफलमा जानेनैछ यो पुर्ण स्वतन्त्र सम्मानसहित उचित कानुनी व्यवस्थाको लागि सम्बन्धित समितिमा छलफल गर्न जानेनैछ तर यसको समुचित विचार गर्नुपर्छ । किन संभियमा यो सुचना सम्बन्धी हकको

वभेयक पास नहुँदै हामीले चाहिँ पास  गर्न गइरहेकाछौं। बनाउन गइरहेकाछौं यो कतिको उचितहो त्यो हामिले बुझिने कुराहो। त्यसकारण हामीले विचार गरेर विज्ञहरुलाई बोलाएर कतै हामीले छलफल गरेर अगाडि बढ्नेनैछ सङ्गको विधेयक नवनायदै आएकोले खारेज हुने अवस्था नहोस भन्दै म विदा हुन्छु धन्यवाद।

**माननीय पुर्णा जोशीः-**

माननीय सभामूख महोदय रेडियो एफ.एम.र टेलिभिवन प्रशारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 2076 सैद्धान्ति कछलफल गर्नेका निमित्त  प्रदेश सभामा प्रस्तुत भएकोछ सर्वप्रथ म विधेयक प्रस्तोता विषयगत मन्त्रालय आन्तरिक मामिलातथा कानुन मन्त्रालय र माननीय मन्त्रीज्यु पर्ति म हार्दिक धन्यावाद व्यक्तगर्न चाहन्छु आमसञ्चार को निति 2073 संघीयसंसद बाट पारितभइसकेको अवस्थामा यसलाई कार्यान्वयन गर्नकोलागि सबैप्रदेशले आफूअनुकूल आफ्नो आवश्यकता अनुसार कानुन निर्माण गरेकाछन हाम्रो प्रदेशलाई पनि सुदूर पश्चिमका सबैगाउँ हरुमा सवै बिषयहरुमा त्हाँका  जनता हरुलाई सूचनादिई अधिकार हरूको प्रत्याभूति गर्ने रसूचना पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्नकोलागि योकानुन महसुस गरेर प्रस्तुत गरेकोछ यसमा प्रस्तावनामै भनिएकोछ पूर्ण प्रेसस्वतन्त्रता प्रति प्रतिवद्ध रहँदै प्रशारणका माध्यमबाट सूचना प्रवाहलाई व्यवस्थापन एवं निर्माणगरी सूचनाको निर्वाध प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले भनेर भन्दाखेरी यसैबाट प्रष्ट हुन्छ भने संविधानप्रदत्त अधिकारलाई एउटा आधार मानेर अथवा त्यसलाई सुनिश्चित गर्नकोलागि अवश्य पर्ने कानुन अनिवार्य रहेकोले योविधेयक ल्याएको भनी भन्ने कुरा हरु प्रस्तावनामै उल्लेखछ त्यसकारण प्रस्तावना भनेको कानूनको मुटु प्रस्तावना बमोजिमका व्यवस्थापना हरु भए भने स्वतह प्रस्तावनाले ति व्यवस्था हरुलाई निष्कृय बनाउने कुराहरु देखिन्छ ।विधेयक दर्ता भइसकेपछि दर्ता हुनुपूर्व पनि मलाईथाहाछ एउटा छलफलमा मैलेपनि भागलिएकोथिए जिल्ला स्तर र प्रदेश स्थरमा सरोकार वाला हरुलाइ विशेषगरिकन  प्रेष हरुका संगठन हरुलाई बोलाएर छलफल गरेको र त्यसबाट चाहिँ प्रशस्त मात्रा माप्रेसजगतले यसका संगठन हरुले सुझाव  दिएको जस्तो मलाई लाग्दछ त्यसकारण योमानेमा सम्बन्धित मन्त्रालयले अत्यन्त एउटा लोकतान्त्रिक अभ्यास गरेकोछ भन्ने मलाई महसुस भएकोछ मलाई लाग्दछ विधेयकलाई वढी परिष्कृत बनाउनको लागि सैद्धान्तिक छलफल भइसकेपछि विषयगत समितिमा जानेगर्दछ विषयगत समितिहरुले पनि प्रदेशसभाका अन्य विषयगत समितिका माननीय संसदलाई बोलाएर त्यस संग सम्बन्धित विज्ञहरुलाई बोलाएर प्रेसमा सिदै पत्रकारज्युहरु  रेडियोमा कामगर्ने संचारकर्मीहरु को सञ्चारका संगठनहरु प्रत्यक सञ्चार सँग सम्बन्धित अरुमान्छे हरुलाई पनि वोलाएर यसको व्यापक छलफल गरेर एउटा संविधान विधेयकको रुपमा यसलाई चाहिँ दफाबार छलफल फेरि सभातर्फ- प्रस्तुतगर्दाखेरि यसले नेचुरोटि पाउछ  भन्ने मलाई लाग्दछ र सूचनाको हक लाई अवश्य पनि यस्ले प्रत्याभूत गर्नेपर्छ अहिले एफ.एम.रेडियोहरू हरेक नेपाली हरूको एउटा घरपरिवार हरु परिवारका सदस्यहरु नहुँदाखेरि पनि एका बिहानै उठेर चाहिँ कुरागर्ने माध्यम सुन्नेमाध्यम अथवा घरमा मान्छेछ देशविदेश समाचार हरु काहँ के भइराख्या छ भन्ने कुराहरु पनि  निरक्षर बुबा आमाले पन्नु हुनुहुन्छ त्यो समाचारका बारेमा जानकारी राख्नुहुन्छ तसर्थ यो कानुन आवश्यक थियो संघीय कानुन आउँदैछ संघीय कानुनले चाहिँ आउने कुराहरुमा

नंबाइनेगरी कन सतर्कतापूर्वक ल्याइएकोछ तथापि भित्रभएका दफावार छलफलका क्रममा आउने कतिपय कुराहरु करेक्सन गर्नुपर्नेहोला त्यो अधिकार हामीसँगछ त्यसकारणले यसैअनुरुप यो विधेयक प्रति आपत्ति नगर्न र यषलाई पनि समृद्ध बनाउनकोलागि विषयगत समितिमा यहाँकोपनि उपस्थिति रहनेछ भन्नेकुराहरु विश्वास राख्नचाहन्छु र अन्तमा त्यो brancesh credibility प्रेश जगतका आधारभूत सिद्धान्त लाई अनुशरण गरेर नेपालीहरुको सूचनापाउने हक पनीछ त्यो सूचना पेशागत धर्मपनिहो र भएका कुरालाई यथार्थ रुपमा पुर्याउनु पनि पर्छ यो कुराहरु पनि ध्यानमा राख्नुपर्छ र आफ्नो किसिमको एउटा निष्कर्ष त्यसमा आफ्नो भियु केहो भन्ने खालको कुराहरु पनि दिनुपर्छ तर यसरी पेशागत दक्षताको पनि आवश्यकता पनि कुराहरु देखिन्छ कतिपय कुराहरुमा निराधार सूचना हरु मिडियामा आउने गर्दछन् आग्रहको रुपमा मिडियामा आउनेगर्दछन यि कुराहरुलाई पनि प्रेषले पनि आफ्नो मेचुरोटि देखाउन आवश्यकछ भने हामी सरकारमा रहने प्रदेश सभामा रहने मान्छे हरुलेपनि जनतालाई केन्द्रमा राखेर उसको सूचनाको हकको सुनिश्चितता गर्नु आवश्यकछ।र योविधेयकलाई तेहिअनुप पनि बनाउनको निमित्त सम्पूर्ण सञ्चार जगत र हाम्रो त्यत्तिकै भूमिका भएको हुनाले विषय समितिबाट फेरि बाट यो सभामा आइसकेपछी पनि हामिले भाग लिनेछौं दफाबार छलफलमा भने विशेष समितिमा यसमा विशेष छलफल भएर जेकुरा संका लागेका छन। जेकुरा उठेकाछन कतै सञ्चार जगतलाई संकीर्ण बनाउनकोलागिअथवा सङ्कुचित बनाउन कोलागि गरिएको भन्ने खालका कुराहरू पर्दछन्भने विषयको समितिमा यो परीक्षण हुनेछ भन्ने कुरालाई विश्वासराख्दै विषयगत मन्त्रालय र योप्रस्तुतकर्ता मन्त्री लाई धन्यवाद दिनचाहन्छु

**माननीयः- श्यामलाल राना**

माननीय सभामूख महोदय प्रदेश सरकारले प्रदेश रेडियो एफ.एम.र टेलिभिजन सम्बन्धी विधेयक यस सम्मानित सदनमा प्रस्तुत गरेकोछ र मलाईलाग्छ यो विधेयक नेपालको संविधान 2072 कोभाग 3 मौलिक हक र कर्तव्यको अन्तर्गतग धारा १९ अन्तरगत संचारको हकको व्यवस्था गरिएकोछ। स्वतन्त्रताको हकको सवालमा अध्ययन गर्दा यो विधेयक संविधानको मूलमर्म लाइ कुन्ठित गर्ने किसिमले प्रस्तुतभएकोछर विधेयक हातारमा ल्याइएको जस्तो अनुभव गरेकोछु । यो विधेयक मुख्यतया सरकारले स्वतन्त्रता मिडिया को स्वतन्त्रता कुन्ठित गरेर यस्लाई अंकुश लगाइर आफ्नो मुखपत्र बनाउने किसिमको र पूर्ण सरकारी करण गर्ने किसिमको र सरकारि किसिमको व्यवस्था यो विधेयकमा गरेकोछ सञ्चार सञ्चार यस्तो व्यवस्थाहो जसले राज्यमा सुशासन कायम गर्नको लागि र राज्यमा पहुँच नभएका समुदाय अर्कोपनि तिनिहरुको आवाज वुलन्द गर्नको लागि यो सञ्चारको अति महत्व पुर्ण भुमिका भएको हुनाले सरकारले एकलौटी ढंगले युलाइ दण्ड सजायको व्यवस्था लगायत एउटा मन्त्रालयको मातहतमा आफूखुसी आफ्ले स्विकृति दिने खालको लगायत काकुराहरु मग्न आफ्नो इच्छा बमोजिमकाकुरा हरु मात्रै प्रसारणा गर्नपाउने व्यवस्था जुन यव विधेयकमा गरेकोछ त्यसकारण यसले मौलिक हक र स्वतन्त्रतालाई संचारको हक विरुद्धछ टेलिभिजन र रेडियो हालसम्म जुन प्रसारण गरेको बस्दछ मौजुदा कानुन छटदा छदैपनि पुनह यसलाइ आफ्नो ढंगले वनायन खोजिएकोछ संघीय संसदमा पनि यो विधेयक विचाराधीन अवस्थामाछ सम्म चौतर्फि विरोध भइरहेको बवस्था छ। स्वयं सञ्चारकर्मी मित्रको पनि यसमा अत्याधिक विरोधछ यो विधेयक संसदमा दर्ता आउनु पूर्व विभिन्न

सञ्चार माध्यम र विज्ञहरुलाई बोलाएर छलफल गरिएको थियो मपनित्यो मपनि त्यो छलफलमा सहभागी भएको थिए र सवेले आफ्ना सुझाव हरु प्रस्तुत गरेकोछ तिकुरा हरुलाइ यो विधेयकमा समेटिएको मैले देखिएन यो विधेयकमाथि राखिएको छैन त्यसकारणले यसलाई पुनःप्रस्कृत गर्नकोलागि राम्रो बनाउनको लागि सुदूरपश्चिममा यसलाई राम्रो वनानऊनको लागि विषयगत समितिमा छलफलको लागि पठाउनुपर्छ भन्ने मेरो सुझाव स-धन्यबाद

**माननीय सदस्यहरू,**

रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री प्रकाश बहादुर शाहका तर्फबाट भौतिक पूर्वाधार बिकास मन्त्री माननीय पठान सिंह वोहरा लाई रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय मन्त्री पठान सिह वोहरा**

माननीय सभामुख महोदय रेडियो एफ.एम.र टेलिभिजन प्रशारण सम्बन्धमा व्यवस्था गर्न बनेको द्दण्ठट माथि सदनमा छलफलमा छलफल भएकोछ माननीय सदस्यहरुले अत्यन्त महत्वपूर्ण सुझावहरु राखुभएकोछ ।सुझावहरु अत्यन्त मननीयछन् यो सञ्चार माध्यम अंकुस लगाउने कुरा कुनैपनि हालतमा स्वीकार्य हुनसक्दैन ।त्यस रुपमा बुझनहुँदैन भन्ने म आग्रह गर्न चाहन्छु । संचारमाध्यम अहिलेको अत्यन्त संचारमाध्यम लाइ हाम्रा निम्ति समाजका निम्ति मुलुकका निम्ति नागरिक अधिकार र स्वतन्त्रता का निम्ति नभइनहुने यस्तो अत्यन्त महत्वपूर्ण विषयहो। त्यसैले हामी कसैलेपनि कल्पना गर्नसक्दैनौ समाचार लाई कुन्ठितगरेर संकुचित गरेर त्यसमाथि अंकुश लगाएर कहींकतै कसैको नागरिक हरूको अधिकार कुन्ठित होस हामी योगकल्पना पनि गर्न सक्दैनौ। त्यसैले विधेयक माथि छलफल भएकोछ ।हामीले पहिलोपटक यो विषयमा विधेयक प्रस्तुत गरेका छौ। र भोलिका दिनमा पनि यस्लाइ कहि कतै अपुग भएको देखिएकोछ भने हामि परिमार्जन गर्ने र यसलाई संशोधन गर्ने अझ परिष्कृत गरेर लैजान सकिन्छ राम्रो बनाउन सकिन्छ अहिले हामी धेरै अब भोलिको भविष्यका कुराहरुपनि अहिले हामी राखनसकुँला तर समय क्रममा विकास गर्दैजाने विकसितगर्दैलैजाने कुराहुनसक्छ म माननीय ज्यू हरुले अत्यन्त महत्वपूर्ण सुझाव हरु राखु भएकोछ यसकोनिम्ति म धन्यवाद भन्न चाहन्छु

**माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले ७२ घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

**माननीय सदस्यहरू,**

रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब नीजि व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको नीजि व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ लाई सभा समक्ष प्रस्तुतगर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउछु ।

**माननीय सदस्यहरू,**

अब, म उद्दोग,पर्यटन ,वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित नीजि व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ लाई सभा समक्ष टेबुल गर्न अनुमती दिन्छु ।

माननीय मन्त्री माया भट्ट

माननीय सभामुख महोदय निजी व्यवसाय दर्तागर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक 207६ माथि कुनैपनि माननीय सदस्य हरुले विरोधको सूचना दर्तानगराई विधेयकलाई सभासमक्ष टेबुलगर्न मार्गप्रशस्तग रिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यू हरुलाई धन्यवाद प्रदान गर्नचाहन्छु यस प्रदेशमा निजी व्यवसाय दर्ता गर्न अत्यावश्यक भएकोले प्रदेशसरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्तागराएको व्यहोरा सभासमक्ष जानकारी गराउन चाहन्छु माननीय सभामुखज्यू बाट बिधेयक टेबुलगर्न अनुमति प्राप्तभएकोले सभा प्रदेशसभा नियमावली 2074 को नियम 106 उपनियम 1 बमोजिम निजी व्यवसाय दर्तागर्ने सम्बन्धमा व्यवस्था गर्नबनेको विधेयक 207६ सभा समक्ष टेबुल गर्दछु धन्यवाद।

**माननीय सदस्यहरू,**

नीजि व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको आजको कार्बाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ लाई सभा समक्ष प्रस्तुतगर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउछु ।

**माननीय सदस्यहरू,**

अब, म उद्योग,पर्यटन ,वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ लाई सभा समक्ष टेबुल गर्न अनुमती दिन्छु ।

**माननीय मन्त्री माया भट्ट**

माननीय सभामुख महोद यसाझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्नबनेको विधेयक 2076 माथि कुनैपनि माननीय सदस्यहरुले विरोधको सूचनादर्ता नगराइ विधेयक लाई सभा समक्ष टेबुलगर्न मार्गप्रशस्त गर्नदिनु भएकोले सम्पुर्ण माननीय सदस्यहरु लाई धन्यवाद प्रदान गर्नचाहन्छु यस प्रदेशमा साझेदारी व्यवसाय दर्तागर्न अत्यावश्यक्ता मसुसगर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यवहारा सभासमक्ष टेवुल गर्न गराउन चाहन्छु माननीय सभामुखज्यू बाट विधेयक टेवुल गर्न अनुमति प्राप्त भएकोले प्रदेशसभा प्रदेश सभा नियमावलि २०७४ नियम 106 को उपनियम 1 बमोजिम साजेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 2076 सभा समक्ष टेबुल गर्दछु धन्यवाद

**माननीय सदस्यहरू,**

साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको आजको कार्बाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल माघ महिनाको १५ गते बुधबार दिनको १:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।